जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०६०/६१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २८४ • २०८३ श्रावण १८ गते सोमवार • 3 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## सरकारसँग सहमति भएको भन्ने प्रचारको हिन्दु सम्राट सेना नेपालद्वारा खण्डन



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १७ श्रावण

सरकारसँग सहमति भएको भन्ने प्रचारको हिन्दु सम्राट सेना नेपालले खण्डन गर्दै बन्दसहितका आन्दोलनका पूर्वघोषित कार्यक्रम यथावत् रहने जनाएको छ ।

शनिबार धनुषा जिल्ला प्रशासन कार्यालयमा सरकार र हिन्दुवादी पक्षबीच भएको वार्तापछि प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले सहमति भएको जानकारी दिएका थिए ।

तर, हिन्दु सम्राट सेना नेपालले भने कुनै औपचारिक सहमति नभएको स्पष्ट गरेको छ । हिन्दु सम्राट सेना नेपालका महासचिव राकेश सनातनीले सरकारलाई बुझाइएको १५ बुँदे मागपत्रलाई नै सहमति भएको भन्दै प्रचार गरिएको आरोप लगाए ।

उनले वार्तामा कुनै सहमतिपत्रमा हस्ताक्षर नभएको र त्यसैले आन्दोलनका कार्यक्रम फिर्ता नहुने बताए । उनका अनुसार आन्दोलनरत पक्षले आफ्ना माग सरकारसमक्ष राखेको भए पनि ती मागमा कुनै औपचारिक सहमति जुट्न सकेको छैन । ‘हामीले बुझाएको मागपत्रलाई नै सहमति भएको भनेर प्रचार गरिएको हो । कुनै सहमति भएको छैन, त्यसैले बन्दका कार्यक्रम यथावत् रहन्छन्,’ उनले भने ।

महासचिव सनातनीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केही नेता तथा कार्यकर्ताले सहमति भएको भन्दै भ्रामक प्रचार गरेको आरोपसमेत लगाए ।

यता, वार्तामा सहभागी गृहमन्त्री सुधन गुरुङले भने सहमति भएको वा नभएको विषयमा स्पष्ट टिप्पणी गरेनन् । सञ्चारकर्मीको जिज्ञासामा उनले देशमा अब कुनै प्रकारको धार्मिक द्वन्द्व हुन नहुने भन्दै शान्ति र सद्भाव कायम गर्नुपर्नेमा जोड दिए ।

सरकार र संयुक्त हिन्दु मोर्चाबीच शनिबार दुई चरणमा वार्ता भएको थियो । पहिलो चरणको वार्ता दिउँसो २:३० बजेदेखि साँझ ५ बजेसम्म चलेको थियो भने दोस्रो चरण राति ८ बजेदेखि १० बजेसम्म मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको उपस्थितिमा सम्पन्न भएको थियो । वार्ता सम्पन्न भए पनि औपचारिक सहमतिपत्रमा हस्ताक्षर नभएको हिन्दु सम्राट सेना नेपालको दाबी छ ।

अर्कोतर्फ, प्रमुख जिल्ला अधिकारी लुइँटेलले वार्ता सहमतिमा टुंगिएको बताएका छन् । यससँगै वार्ताको परिणामबारे सरकार र आन्दोलनरत पक्षका भनाइ सार्वजनिक रूपमा बाझिएका छन् ।

## साहद्वारा स्थलगत रूपमा भेट राहत, क्षतिपूर्ति र निष्पक्ष छानबिनको माग




जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १७ श्रावण


जनकपुरधाममा आन्दोलनका क्रममा घाइते भएका बालक तथा लुटपाट र आगजनीबाट प्रभावित परिवारसँग जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले स्थलगत रूपमा भेट गरी राहत, क्षतिपूर्ति र निष्पक्ष छानबिनको माग गरेका छन् । मेयर साहले वडा नं. ८ निवासी कुवेर झाका छोरा आदित्य झालाई भेटेका हुन् ।

परिवारका अनुसार आदित्य बिहीबार आफ्नै घरको बार्दलीमा परिवारसँग बसिरहेका बेला आन्दोलन नियन्त्रणका क्रममा प्रहरीले प्रहार गरेको आँसु ग्यासको सेल सिधै उनको काखमा लागेर घाइते भएका थिए । उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको छ । घाइते बालकको स्वास्थ्य अवस्थाबारे जानकारी लिँदै मेयर साहले उपचारमा आवश्यक सहयोगका लागि उपमहानगरपालिका सधैं साथमा रहने प्रतिबद्धता व्यक्त गरे । साथै घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न सम्बन्धित निकायसँग पहल गर्ने बताए ।

यसैबीच, आन्दोलनका क्रममा जनकपुरधाम-६ स्थित माछा बजार क्षेत्रमा भएका लुटपाट तथा आगजनीबाट प्रभावित परिवार र व्यवसायीसँग पनि मेयर साहले भेट गरे । उक्त घटनामा बच्चा राइन, आलम राइन तथा मासु व्यवसायी हकिमसहित अन्य व्यवसायीका पसल र घरमा तोडफोड, लुटपाट र आगजनी भएको बताइएको छ । पीडितसँगको भेटमा मेयर साहले घटनाप्रति दुःख व्यक्त गर्दै सम्पूर्ण जनकपुरधामवासी पीडित परिवारसँग एकताबद्ध रहेको बताए ।




## गृहमन्त्रीद्वारा नेपाल-भारत सीमा क्षेत्रको स्थलगत निरीक्षण



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १७ श्रावण

गृहमन्त्री सुदन गुरुङले आइतबार महोत्तरीको मटिहानी नगरपालिका-स्थित मटिहानी-मधवापुर नेपाल-भारत सीमा क्षेत्रको स्थलगत निरीक्षण गर्नुभएको छ ।

निरीक्षणका क्रममा उहाँले सीमा सुरक्षा, आवतजावतको अवस्था तथा व्यवस्थापनबारे जानकारी लिनुका साथै सुरक्षा संयन्त्रलाई सीमा निगरानी थप प्रभावकारी बनाउन निर्देशन दिनुभएको छ । मटिहानी पुगेपछि गृहमन्त्री गुरुङले सीमावर्ती क्षेत्रमा रहेका सीमास्तम्भको अवलोकन गर्दै सीमा सुरक्षामा खटिएका सुरक्षा निकायका अधिकारीहरूसँग सीमा व्यवस्थापन, अवैध गतिविधि नियन्त्रण तथा विद्यमान चुनौतीबारे छलफल गर्नुभएको थियो ।

उहाँले मटिहानीस्थित सशस्त्र प्रहरी बलको बोर्डर आउट पोस्ट (बीओपी) पुगेर सुरक्षा अवस्थाबारे ब्रिफिङ लिनुका साथै सीमामा हुने सम्भावित अवाञ्छित गतिविधि नियन्त्रण गर्न आवश्यक समन्वय, निगरानी र सतर्कता अपनाउन निर्देशन दिनुभएको थियो । पछिल्लो समय मधेशका केही जिल्लामा सामुदायिक सद्भावसँग सम्बन्धित घटनाहरू देखिएको सन्दर्भमा गृहमन्त्री गुरुङले मटिहानीस्थित ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको लक्ष्मीनारायण मठमा पूजा-अर्चना गर्नुभएको थियो ।

त्यसैगरी मुस्लिम समुदायको आस्थाको केन्द्र पीरबाबाको मजारमा पुगेर चादरसमेत अर्पण गर्नुभएको थियो। उहाँको यस भ्रमणलाई धार्मिक सद्भाव र सामाजिक एकताको सन्देशका रूपमा समेत हेरिएको छ । गृहमन्त्री गुरुङलाई मटिहानी आगमनका अवसरमा नगरप्रमुख हरिप्रसाद मण्डल, महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव तथा सुरक्षा निकायका अधिकारीहरूले स्वागत गर्नुभएको थियो ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# समाजभित्रको अविश्वास अन्त गर्न जरुरी

*नेपालको धार्मिक सहअस्तित्व केवल संविधान, कानुन वा राष्ट्रिय भाषणबाट बनेको छैन । यसको वास्तविक आधार गाउँ, टोल, बजार, विद्यालय, धार्मिकस्थल, पारिवारिक सम्बन्ध र दैनिक सामाजिक सहकार्य रहेको छ । हिन्दू, मुस्लिम, बौद्ध, किराँत, इसाई तथा अन्य समुदायका नागरिकले एउटै बजारमा व्यापार गर्छन्, एउटै विद्यालयमा पढ्छन्, एकअर्काका सामाजिक दुःख-सुखमा सहभागी हुन्छ र सार्वजनिक स्रोतहरू साझा गर्छ । त्यसैले धार्मिक सद्भाव राष्ट्रिय अवधारणा भए पनि यसको संरक्षण सबैभन्दा पहिले स्थानीय समाजमै रहेको हुन्छ । सुनसरीबाट सुरु भएको पछिल्लो साम्प्रदायिक तनावले कम्तीमा तीन जनाको ज्यान गएको, धेरै व्यक्ति घाइते भएको र विभिन्न स्थानमा कर्फ्यु लगाउनु पर्ने अवस्था सिर्जना गर्‍यो । प्रारम्भिक विवरणअनुसार धार्मिक कार्यक्रममा बजाइएको ठूलो आवाजको संगीत र धार्मिक झण्डा सम्बन्धी विवादले तनाव सुरु गरेका थिए । तर झण्डा, संगीत वा धार्मिक कार्यक्रम आफैमा व्यापक हिंसाको पर्याप्त कारण होइन ।*

*यस्ता विषय सामान्य संवाद, स्थानीय सहमति र प्रशासनिक समन्वयबाट समाधान गर्न सकिन्थ्यो । सानो विवादले ठूलो साम्प्रदायिक रूप लिनु समाजभित्र पहिल्यै अविश्वास, भय वा कमजोर संवाद रहेको संकेत रहेको देखिन्छ ।*

# धनुषा सहित मधेशका जिल्लाहरुमा लामो दुरीका सवारी साधनहरु सञ्चालन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १७ श्रावण**



धनुषा सहित मधेशका जिल्लाहरुमा लामो दुरीका सवारी साधन सञ्चालनमा आउन थालेको छ। गाडी चल्न थालेपछि यात्रुलाई सहज भएको छ ।

यस क्षेत्रमा बिहीबार र शुक्रबार लामो दुरीमा चल्ने सार्वजनिक यातायात सञ्चालन नहुँदा अत्यावश्यक काम परेर यात्रा गर्नुपर्नेहरु मारमा परेका थिए । शनिबारदेखि लामो दुरीमा चल्ने बस समेत सञ्चालन भएसँगै जनजीवन सहज बनेको हो । पूर्वको सिराहा, सप्तरी, सुनसरी, विराटनगरलगायत ठाउँमा जाने यातायातका साधन अझै पूर्णरुपमा खुल्न सकेका छैनन् । धनुषाको बस व्यवसायी मन्दिप झाले अन्य दिनको तुलनामा शनिबारदेखि बस सञ्चालनमा सहजता भएको छ। आइतबार थप सहज अवस्था भएको बताउनुभएको छ ।

वीरगन्ज, बर्दिवास र जनकपुरतर्फका बस निर्वाध गुड्न थालेका र ढल्केबरदेखि पूर्वतर्फ पनि विस्तारै अवस्था सहज भइरहेकाले बस गुडाउन सुरु गर्ने तयारी रहेको झाको भनाइ छ । पूर्वका धेरै ठाउँमा अहिले साना गाडीहरु (हायस र वीङ्गर) ले भने फाट्टफुट्ट यात्रु ओसारपसार गर्दा सहजता भएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले शनिबारदेखि महेन्द्र राजमार्ग र अन्य भित्री सडकमा सवारीको चाप बढ्न थालेको जनाएको छ। स्थानीय रुटमा चल्ने टेम्पु, म्याजिक, जीप, बस, बोलेरो भने सामान्य अवस्थामै नियमित सञ्चालनमा रहेका छन् ।

सङ्घीय राजधानी काठमाडौँसम्म प्रत्येक सवारी साधन निर्वाध आउजाउ गरिरहेका छन् । महेन्द्रनगर स्थित रात्रि बसका काउन्टर सञ्चालक शम्भु चौधरीले नाइट बस सञ्चालनमा कुनै समस्या नरहेको बताउनुभयो । शनिबारदेखि सदरमुकाम तर्फबाट चल्ने बसहरुको समेत टिकट काट्न सुरु गरिएको चौधरीले बताउनुभयो ।

# सद्भाव ऱ्याली जिल्ला प्रशासन कार्यालयको अनुरोधपछि स्थगित

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १७ श्रावण**



सिरहाको लहानमा शनिबार आयोजना गर्ने तयारी गरिएको सद्भाव ऱ्याली जिल्ला प्रशासन कार्यालयको अनुरोधपछि स्थगित गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय सिरहाले लहान नगरपालिका र उद्योग वाणिज्य संघ लहानलाई पत्राचार गर्दै वर्तमान शान्ति सुरक्षा अवस्थाको विश्लेषणका आधारमा हाल सद्भाव ऱ्याली आयोजना गर्न उपयुक्त नदेखिएको जनाएको हो ।

सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालद्वारा हस्ताक्षरित पत्रमा १६ साउनका लागि तय गरिएको सद्भाव ऱ्याली अर्को निर्णय नभएसम्मका लागि स्थगन गर्न अनुरोध गरिएको उल्लेख छ ।

प्रशासनले पछिल्लो समय जिल्लाको सुरक्षा अवस्था र सम्भावित संवेदनशीलतालाई ध्यानमा राख्दै यस्तो निर्णय गरिएको जनाएको छ ।

यसैबीच, जिल्ला प्रशासन कार्यालयले इलाका प्रशासन कार्यालय लहान, जिल्ला प्रहरी कार्यालय सिरहा तथा इलाका प्रहरी कार्यालय लहानलाई आवश्यक समन्वय तथा सुरक्षा व्यवस्थापन गर्न समेत निर्देशन दिएको छ । पछिल्ला दिनहरूमा मधेशका विभिन्न जिल्लामा सामाजिक सद्भाव र शान्ति सुरक्षासँग सम्बन्धित गतिविधि बढिरहेका बेला प्रशासनले सतर्कता अपनाउँदै सार्वजनिक कार्यक्रमहरूमा विशेष निगरानी गरिरहेको छ ।





अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेषः अनावश्यक खर्चको संभावना
वृषः अशुभ समाचार प्राप्त हुने
मिथूनः पढाईमा ध्यान दिनुपर्ने
कर्कटः अनावश्यक चिन्ता
सिंहः खानपानमा समस्या आउने
कन्याः मनमा पछुतो आउने
तुलाः लामो यात्राको योग छ
वृश्चिकः शुभ कार्यको शुरुवात
धनुः मित्रतामा फाटो आउने
मकरः पिछडेको साथी मिल्ने
कूम्भः विचार गरेर बोल्नुहोला
मीनः आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# नोभेम्बरको निर्वाचनअघि ट्रम्प प्रशासनमाथि इरान युद्धले बढ्दो राजनीतिक दबाब



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ श्रावण

नोभेम्बरमा हुने अमेरिकी मध्यावधि निर्वाचन नजिकिँदै जाँदा इरान युद्ध ट्रम्प प्रशासनका लागि राजनीतिक रूपमा चुनौतीपूर्ण बन्दै गएको छ । विश्व अर्थतन्त्रमा समेत प्रभाव पारेको यो द्वन्द्व अमेरिकी जनमतमा लोकप्रिय छैन ।

यसै साताको शुरूमा जोर्डनस्थित अमेरिकी सैन्य अड्डामाथि इरानले गरेको क्षेप्यास्त्र आक्रमण अमेरिकी सेनाले विफल पारेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कडा जवाफी कारबाही गर्ने चेतावनी दिएका थिए । शुक्रबार उनले 'हामी जित्न चाहन्छौं' भन्दै आवश्यक परे इरानमाथि 'अत्यन्त कडा' प्रहार गर्ने बताएका थिए । ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेभिटले इरानले युद्धविरामसम्बन्धी समझदारी उल्लङ्घन गर्दै व्यावसायिक जहाज र अमेरिकी सैनिकलाई लक्षित आक्रमण गरेको आरोप लगाएकी थिइन् ।

ट्रम्पको पछिल्लो घोषणाअघि अमेरिकी अधिकारीहरू उच्च सतर्कतामा थिए । ट्रम्पले सामाजिक सञ्जालमार्फत अमेरिकी सेना पूर्ण तयारी अवस्थामा रहेको र आवश्यक परे तत्काल कारबाही गर्न सक्षम रहेको बताएका थिए । अमेरिकी विदेश मन्त्रालयले इरानसँग बढ्दो तनावलाई मध्यनजर गर्दै मध्यपूर्वका १० देशमा रहेका अमेरिकी नागरिकका लागि उच्च सुरक्षा सतर्कता जारी गरेको थियो । यद्यपि यही दबाबबीच ट्रम्प एकाएक बदलिएका देखिएका छन् । उनले साउदी अरेबियाका युवराज मोहम्मद बिन सलमानसँग वार्ता गरेसँगै आफ्नो भाषा बदलेका छन् । युवराजले अमेरिका-इरान द्वन्द्व थप चर्किन सक्ने सम्भावनाप्रति चिन्ता व्यक्त गरेपछि ट्रम्पले मध्यपूर्वका सहयोगी मुलुकहरू इरानसँगको युद्ध अन्त्य गर्ने सम्झौताको प्रारम्भिक रूपरेखामा सहमत भएको दाबी गर्दै तत्कालका लागि नयाँ सैन्य आक्रमण नगर्ने सङ्केत दिएका छन् । सामाजिक सञ्जालमार्फत ट्रम्पले प्रस्तावित सम्झौतामा 'स्ट्रेट अफ होर्मुज'लाई पूर्ण रूपमा खुला राख्ने र इरानको आणविक खतरा अन्त्य गर्ने विषय समावेश हुने बताएका छन् । "यदि छिट्टै सम्झौता हुने अवस्था बन्यो भने विश्वको भविष्य र समृद्ध इरानका लागि आक्रमण रद्द गर्न म सहमत छु," ट्रम्पले लेखेका छन् । उनका अनुसार इजरायलले पनि युद्ध अन्त्यका लागि इरानसँग सम्झौता गर्ने अमेरिकी प्रयासलाई समर्थन गरेको छ । यद्यपि ट्रम्पको घोषणाप्रति इरानले तत्काल कुनै प्रतिक्रिया जनाएको छैन । पाँच महिनादेखि जारी द्वन्द्वमा यो पछिल्लो अप्रत्याशित मोड हो ।







# समाधानक मार्ग कि संकटकें राजनीतिक अवसर बनाबएबाक खेल ? "जनकपुरक वार्ता"



-मुरली मनोहर मिश्र

सुनसरीक देवानगञ्ज आ सिरहाक गोलबजारमे भेल हिंसात्मक घटनाक बाद जनकपुरधाम फेर एकबेर राष्ट्रिय राजनीतिक आ धार्मिक बहसक केन्द्र बनल अछि। नेपाल सरकार आ हिन्दुवादी संस्थासभक बीच चलि रहल दोसर चरणक वार्ता सतही रूपसँ शान्ति आ समाधानक प्रयास जकाँ देखाइत अछि, मुदा गहिराइमे जाए पर प्रश्न उठैत अछि जे की यी वार्ता वास्तवमे पीड़ितिकेँ न्याय देबाक प्रयास अछि, कि फेर एकबेर राष्ट्रिय संकटकेँ राजनीतिक अवसरमे बदलएबाक खेल खेलल जा रहल अछि ?

कोनो लोकतान्त्रिक समाजमे हिंसात्मक घटनाक बाद पहिल प्राथमिकता सत्य, न्याय आ सामाजिक विश्वास बहाल करब होएबाक चाही। देवानगञ्ज आ गोलबजार घटनामे के दोषी छल, प्रशासन कतय असफल भेल, गोली चलाबएबाक आदेश के देलक, सुरक्षा संयन्त्र समय पर सक्रिय किएक नैइ भेल ? यी सभ प्रश्नक उत्तर आब धरि स्पष्ट रूपसँ जनताक सामने नैइ आयल अछि। सरकारक यी मौनता स्वयं अनेक शंका जन्म दैत अछि ।

यही शून्यतामे विभिन्न राजनीतिक आ धार्मिक शक्तिसभ अपन-अपन कथा (ल्बचचब( तष्खभ) निर्माण करए लगैत छथि। हिन्दुवादी संगठनसभक १५ सूत्रीय माँगपत्रक प्रारम्भिक बिन्दुसभ न्याय, छानबिन, क्षतिपूर्ति आ दोषीकेँ कारबाहीसँ सम्बन्धित अछि, जाहिमे अधिकांश नागरिक सहमत भऽ सकैत छथि। मुदा जेकरे बाद वार्ता हिन्दु राष्ट्र, मुस्लिम आयोग, हज समिति, मदरसा, मस्जिदक लाउडस्पीकर, नागरिकता पुनरावलोकन आ धार्मिक पहिचानक मुद्दामे प्रवेश करैत अछि, तेकरे बाद यी स्पष्ट होमए लगैत अछि जे वार्ताक एजेण्डा केवल घटनाक न्याय धरि सीमित नैइ अछि ।

प्रश्न यी नैइ जे हिन्दु राष्ट्रक पक्षमे बहस होए कि नैइ। लोकतन्त्रमे सभ विचारपर बहसक अधिकार अछि । प्रश्न यी अछि जे की एकटा हिंसात्मक घटनाक न्याय खोजबाक मंच पर संविधान आ राज्यक आधारभूत संरचनाकेँ बदलबाक राजनीतिक प्रस्ताव राखब उचित अछि ? यदि प्रत्येक सामाजिक तनावकेँ वैचारिक आन्दोलनक इन्धन बनाओल जाए, तँ फेर न्यायक मुद्दा स्वयं पाछाँ छुटि जाएत ।

सरकारक भूमिकापर सेहो कम प्रश्न नैइ अछि। राज्यक दायित्व केवल वार्ता करब नैइ, बल्कि वार्ताक पूर्व न्यायिक विश्वसनीयता स्थापित करब सेहो होइत अछि। यदि छानबिन प्रतिवेदन सार्वजनिक नैइ होएत, यदि दोषी चिन्हित नैइ होएत, यदि प्रशासनिक जिम्मेवारी तय नैइ होएत, तँ वार्ता केवल समय खरीदबाक राजनीतिक माध्यम बनि कऽ रहि जाएत ।

राजनीतिक दलसभक आचरण तऽ आरो विडम्बनापूर्ण देखाइत अछि । किछु दल एक दिस सद्भावक भाषण दैत छथि, दोसर दिस ध्रुवीकरणक राजनीतिसँ लाभ उठाबए चाहैत छथि। किछु नेता शान्तिक पक्षधर कहल जाइत छथि, मुदा सामाजिक सञ्जालपर उग्र भावनाक मौन समर्थन करैत छथि । जनता जखन एहन दोहरापन देखैत अछि, तखन ओकर लोकतान्त्रिक संस्थाप्रतिक विश्वास कमजोर होइत जाइत अछि ।

एहि सम्पूर्ण घटनाक्रममे सभसँ बेसी चिन्ताक विषय सामाजिक ध्रुवीकरणक बढ़ैत प्रवृत्ति अछि। नेपालक शक्ति ओकर विविधतामे रहल अछि । हिन्दु, मुस्लिम, बौद्ध, किरात, मधेशी, पहाडी, थारु, जनजाति सभ मिलिकऽ नेपालक सामाजिक संरचना बनबैत छथि । यदि राजनीतिक लाभक लेल समुदायसभकेँ परस्पर शंकाक दृष्टिसँ देखएबाक प्रवृत्ति बढ़त, तँ अल्पकालीन राजनीतिक लाभ तऽ सम्भव अछि, मुदा दीर्घकालीन राष्ट्रिय क्षति निश्चित अछि ।

जनकपुरधामक सन्दर्भमे यी प्रश्न आरो संवेदनशील बनि जाइत अछि। माता जानकीक नगरी केवल धार्मिक आस्थाक केन्द्र नैइ, बल्कि सहिष्णुता, सांस्कृतिक संवाद आ सभ्य सहअस्तित्वक प्रतीक सेहो रहल अछि । यदि जनकपुरसँ उठल राजनीतिक सन्देश समाजकेँ जोड़बाक बदला विभाजित करए लागए, तँ यी मिथिलाक ऐतिहासिक आत्माकेँ चोट पहुँचाबए जकाँ होएत ।

यथार्थ यी अछि जे देवानगञ्ज आ गोलबजारक पीड़ित परिवारकेँ हिन्दु राष्ट्र वा धर्मनिरपेक्ष राष्ट्रसँ पहिने न्याय चाही । घाइलकेँ उपचार चाही। मृतकक परिवारकेँ सम्मानजनक राहत चाही । नागरिककेँ सुरक्षा चाही । राज्यक उत्तरदायित्व चाही। बाकी वैचारिक बहस लोकतान्त्रिक प्रक्रियामे निरन्तर चलि सकैत अछि । तँ जनकपुरधाममे चलि रहल वार्ताक सफलता एहि बातसँ मापल जाएबाक चाही जे ओ कतेक सत्य सार्वजनिक करैत अछि, कतेक दोषीकेँ कानूनी दायरामे आनैत अछि आ कतेक समाजमे विश्वास पुनर्स्थापित करैत अछि । यदि वार्ता केवल राजनीतिक नाराक प्रतिस्पर्धा बनिकऽ रहि जाए, तँ इतिहास एकरा समाधानक प्रयास नैइ, बल्कि संकटकेँ राजनीतिक अवसर बनाबएबाक खेलक रूपमे याद रखत । आइ नेपालकेँ जीत-हारक राजनीति नैइ, न्याय आ विश्वासक राजनीति चाही। कारण अन्ततः राष्ट्र नारासँ नैइ, न्यायसँ मजबूत होइत अछि ।

# जिल्ला प्रशासन कार्यालय पर्साले वीरगञ्जमा जारी निषेधाज्ञा हटाईयो

जलेश्वरटुडे समाचारदाता
पर्सा, १७ श्रावण



जिल्ला प्रशासन कार्यालय पर्साले वीरगञ्जमा जारी निषेधाज्ञा हटाएको छ । पछिल्ला दिनमा सुरक्षा अवस्था सामान्य बन्दै गएपछि शनिबारदेखि निषेधाज्ञा हटाउने निर्णय गरिएको प्रशासनले जनाएको हो ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालका अनुसार जुलुस, प्रदर्शन तथा हुलदङ्गाका गतिविधि उल्लेख्य रूपमा घटेपछि निषेधाज्ञा कायम राख्नुपर्ने अवस्था नरहेकाले उक्त आदेश फिर्ता गरिएको हो । वीरगञ्जमा गत साउन १४ गते साँझ ५ बजेदेखि अर्को आदेश नभएसम्म प्रत्येक दिन साँझ ५ बजेदेखि बिहान ६ बजेसम्म लागू हुने गरी निषेधाज्ञा जारी गरिएको थियो । सम्भावित अप्रिय घटना रोक्न र शान्ति सुरक्षा कायम राख्ने उद्देश्यले प्रशासनले उक्त निर्णय गरेको थियो ।

# चञ्चल राजनीतिको चक्रव्यूह

- एघार महिनामा नेपाली राजनीतिमा व्यापक परिवर्तन आए पनि यसले समाजमा सकारात्मक र नकारात्मक दुवै असर पारेको छ। सामाजिक सञ्जालको प्रभावले नयाँ पुस्तालाई राजनीतिको केन्द्रमा ल्याएको छ, तर सरकारको कार्यशैली, साम्प्रदायिक तनाव र आन्तरिक विवादले लोकतान्त्रिक व्यवस्थामा चुनौती थपिएको छ। शक्ति राष्ट्रहरूको खेलमा नेपाल फसेको वर्तमान अवस्थामा देशले राजनीतिक स्थिरता र सामाजिक सद्भाव कायम राख्न कठिनाइ भोगिरहेको छ। एघार महिनाको अवधिमा नेपाली राजनीतिमा अभूतपूर्व परिवर्तन आएको छ।

यो परिवर्तनले नेपाली समाजमा सकारात्मक र नकारात्मक दुवै थरी प्रभाव छोडेको छ। संसारभरिका तन्नेरी समाजमा सामाजिक सञ्जालले गहिरो प्रभाव पारेको छ। खासगरी, अविकसित र निर्धन समाजका तन्नेरी पुस्ताका लागि आफ्ना कुण्ठा अभिव्यक्त गर्नका लागि सामाजिक सञ्जाल प्रभावशाली माध्यम बनेको छ। फेसबुक, ट्विटर, युट्युब र टिकटक जस्ता माध्यमको प्रभाव अविकसित देशका ठूला-साना सबै सहर-बजारमा फैलिएको छ।

यता, नेपालका तन्नेरी पुस्ता आफ्नो नाङ्गो आँखाले देखेको सत्यलाई आत्मसात् गर्न हिचकिचाउ र आफ्ना मनका भावनालाई सामाजिक सञ्जाल मार्फत फैलाउँछ। यो पुस्तालाई थाहा छ, सामाजिक सञ्जालमा आउने अधिकांश विवरणहरू न त सबै सत्य हुन्छन्, न त सबै झूट। नेपाल होस् वा अन्य कुनै पनि अविकसित देशमा भएका घटनाक्रम सञ्जालको सामग्री अलिकति अतिरञ्जित हुन्छन्। तर, मानिसको चेतनालाई प्रभावित गर्न ती सामग्री पर्याप्त हुन्छन्। सामान्य मानिसको चेतनामा त्यसले असर पार्छ। यद्यपि, सामाजिक र आर्थिक यथार्थको चेपमा परेपछि मानिस स्वाभाविक रूपले सचेत हुन्छ। प्रधानमन्त्री शाहको सत्तारोहणको सय दिन पूरा हुनेबित्तिकै देशमा रहेको साम्प्रदायिक सद्भाव बिथोलिएको छ। कोशी प्रदेशको सुनसरीमा उत्पन्न भएको साम्प्रदायिक आक्रोशबाट मधेश प्रदेशका सबै जिल्ला प्रभावित भएका छन्। तर, सरकार यो साम्प्रदायिक आक्रोशका बारे झन्डै पाँच दिनसम्म कानमा तेल हालेर बस्यो।प्रतिनिधिसभाको नियमित चुनाव भएको दुई वर्ष नबित्दै नेपालमा भएको जेन-जी विद्रोहको स्वरूप र प्रभाव डरलाग्दो थियो। नेपाली राजनीतिको जडताका विरुद्ध भएको यो विद्रोहको आडमा जस्तो व्यूहको रचना भयो, त्यसले संघीय गणतन्त्र नेपाल नियोजित अराजक गतिविधिमा फस्यो। देशको केन्द्रीय सचिवालय सिंहदरबार, संसद् भवन, सरकारी आवास गृहहरू जलेर ध्वस्त भए। नयाँ पुस्ताका तन्नेरीहरूको अहिंसात्मक आन्दोलनमा नियोजित रूपले भएको 'हिंसात्मक' घुसपैठले देशको राजनीतिक र आर्थिक व्यवस्था डगमगायो। संघीय लोकतान्त्रिक गणतन्त्र खतराको उच्च बिन्दुमा पुग्यो। यो विद्रोहको आडमा देशको शान्ति र सुव्यवस्था सेनाले आफ्नो हातमा लियो। प्रधानमन्त्री केपी ओली सेनाको 'सुरक्षा घेरा' मा परे। प्रधानमन्त्री ओलीको पालो सकिएपछि प्रधानमन्त्री बन्ने तयारीमा रहेका शेरबहादुर देउवा र उनकी धर्मपत्नीमाथि सांघातिक हमला भयो। उपचारका लागि देउवा दम्पतीलाई सैनिक अस्पताल पुऱ्याइयो। देशको राजनीतिक परिस्थिति प्रतिकूल अवस्थामा रहेको त्यस समयमा राष्ट्रपति रामचन्द्र पौडेलले सुझबुझका साथ सन्तुलित कदम चालेर संघीय लोकतान्त्रिक गणतन्त्रलाई जोगाए। प्रतिनिधिसभा विघटन भयो। तर, अन्य सबै संस्था साबुत नै रह्यो। त्यसपछि गठन भयो सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार। अन्तरिम प्रधानमन्त्रीका रूपमा कार्कीले आफ्ना 'छोराहरू' वालेन्द्र शाह र सुधन गुरुङको प्रभावमा रहेको त्यस जटिल समयमा 'प्रतिनिधिसभा' को चुनाव गराउनका लागि राष्ट्रपतिले आफूलाई सुम्पिएको दायित्व पूरा गर्नका लागि उनैसँग दूरी बढाउँदै जानु राम्रो कुरा थिएन। सके जति सन्तोषजनक ढंगले उनले दायित्व पूरा गरिन्। प्राविधिक हिसाबले उनले प्रतिनिधिसभाको 'निष्पक्ष' चुनाव गराइन्। चुनावमा निष्पक्षताको मानक केलाई बनाइएको थियो ? देशका प्रमुख राजनीतिक दलका नेताहरू यसबारे अनभिज्ञ थिए। यद्यपि, वालेन्द्र शाहको नेतृत्वमा चुनावी अभियानमा गएको राष्ट्रिय स्वतन्त्र पार्टीले सरकार बनाउने बहुमत प्राप्त गऱ्यो। प्रधानमन्त्री पदमा वालेन्द्र शाहको सत्ता आरोहण भएको सय दिन बितिसकेको छ। यस सय दिनमा राष्ट्रपति रामचन्द्र पौडेलसँग उनको दूरी बढेको छ। राष्ट्रपतिले सरकारका नीति र कार्यक्रमहरू संसद्‌रुमा वाचन गर्दै गर्दा प्रधानमन्त्री शाह अचानक सदनबाट बाहिरिनु संसदीय मर्यादाविपरीत थियो। उनले नवनिर्वाचित संसद्‌को पहिलो अधिवेशनमा नै राष्ट्रपतिको मर्यादा राखेनन्। उनले बिर्सिए- उनी सशस्त्र विद्रोहको बाटोबाट प्रधानमन्त्री बनेका थिएनन्। जनताको मत जितेका व्यक्तिले संसदीय मर्यादाको उल्लंघन गर्नु शोभनीय थिएन। सरकारले सय दिन पूरा गरेको उपलक्ष्यमा आयोजित समारोहलगत्तै पूर्वका दुई प्रदेश- कोशी र मधेश- दुर्भाग्यपूर्ण साम्प्रदायिक घटनाको चपेटामा परे। शाहको नेतृत्वमा गठन भएको सरकारका लागि यो अर्को गम्भीर परिस्थिति थियो। सरकार गठनको प्रारम्भमा नै यस्ता घटना यसअघि कहिल्यै भएका थिएनन्। यी दुवै



प्रदेशका जनताले संसदीय चुनावमा वालेन्द्र शाहको अनुहार हेरेर राष्ट्रिय स्वतन्त्र पार्टीको चुनाव चिह्न घण्टीमा 'मतदान' गरेका थिए। रास्वपाले उनलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेको थियो। शाहले कोशी प्रदेशको झापा-५ पुगेर आफ्नो उम्मेदवारी दर्ता गरेका थिए। उनको यो उम्मेदवारीलाई नेपाल कम्युनिस्ट पार्टी एमालेले सामान्य हिसाबले लिएको देखियो। शाहले वामपन्थी राजनीतिको आधारभूमि मानिएको झापाबाट चुनाव लडेर प्रधानमन्त्री खड्गप्रसाद ओलीलाई पराजित गरेका थिए। यो विजयपछि रास्वपाका सभापति रवि लामिछानेले उनलाई वरिष्ठ नेताको दायित्व सुम्पिए। नवनिर्वाचित संसद्मा रास्वपाले सबभन्दा बढी स्थानमा विजय प्राप्त गरेको थियो। रास्वपाका सभापति रवि लामिछानेले शाहलाई संसदीय दलका नेता अर्थात् औपचारिक रूपमा प्रधानमन्त्रीका उम्मेदवार घोषित गरेका थिए। सामाजिक सञ्जालले चम्काएको शाहको 'चामत्कारिक' व्यक्तित्वबाट प्रभावित मतदाताले उनलाई नेपाली राजनीतिको केन्द्रबिन्दुमा स्थापित गरे। नेपालको कम्युनिस्ट राजनीतिका हस्तीका रूपमा परिचित केपी ओलीलाई बालेनले उनकै चुनाव क्षेत्रमा पराजित गर्नु मतदाताबाहेक अरू कसैको ताकत थिएन। मधेशमा आफ्नो 'लोकप्रियता' को झन्डा फहराउने उद्देश्यका साथ चुनाव लड्न सर्लाही पुगेका नेपाली कांग्रेसका 'लोकप्रिय' नेताका रूपमा स्थापित गगन थापाको शाहसँग सुखद सम्बन्ध थियो।

साभार : कान्तिपुर।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला










प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday